बेसीशहर न.पा., लमजुङ
दर्ता नं.- ४३६
मिति:- २०७९/०५/०४

प्रदेश सरकार

शिक्षा, संस्कृति, विज्ञान प्रविधि तथा सामाजिक विकास मन्त्रालय

गण्डकी प्रदेश, पोखरा

**प्रस्ताव पेश गर्ने सम्बन्धी सूचना**

प्रथम पटक प्रकाशित मिति: २०७९/०५/२८ गते

शिक्षा, संस्कृति, विज्ञान प्रविधि तथा सामाजिक विकास मन्त्रालयबाट चालु आर्थिक वर्ष २०७९/०८० मा स्वीकृत वार्षिक विकास कार्यक्रम अनुसार गण्डकी प्रदेश प्रमुख शैक्षिक सुधार कार्यक्रम अन्तरगत तपसिलका कार्यक्रम कार्यान्वयनका सम्बन्धमा **गण्डकी प्रदेश प्रमुख शैक्षिक सुधार कार्यक्रम कार्यान्वयन मापदण्ड, २०७९** बमोजिम मापदण्डमा उल्लिखित आवश्यक कागजातहरु सहित यो सूचना प्रकाशन भएको मितिले १५(पन्ध्र) दिन भित्र शिक्षा, संस्कृति, विज्ञान प्रविधि तथा सामाजिक विकास मन्त्रालय, गण्डकी प्रदेशमा वा सम्बन्धित जिल्लाको सामाजिक विकास कार्यालयमा प्रस्ताव सहितको फाइल पेश गर्न सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ ।

तपसिल

१) प्रारम्भिक बालविकास केन्द्रमा सिकाइ सामग्री व्यवस्थापन
२) आधारभुत विद्यालयमा विज्ञान प्रयोगशाला स्थापना अनुदान
३) न्यून सिकाइ उपलब्धि भएका विज्ञान, गणित र अङ्ग्रेजी विषय (कक्षा ८-१०) विद्यार्थीहरुसँग प्रदेश प्रमुख कार्यक्रम
४) विद्यालयमा अनलाईन अफलाईन सामग्री विकास एवम् प्रशारण व्यवस्थापन

यस सम्बन्धी थप जानकारी, प्रस्तावको ढाँचा र प्रस्ताव साथ पेश गर्नुपर्ने कागजातहरु मूल्याङ्कनका आधारहरु शिक्षा, संस्कृति, विज्ञान प्रविधि तथा सामाजिक विकास मन्त्रालय, गण्डकी प्रदेश पोखराको वेभसाइट www.mosd.gandaki.gov.np मा राखिएको **गण्डकी प्रदेश प्रमुख शैक्षिक सुधार कार्यक्रम कार्यान्वयन मापदण्ड, २०७९** बाट प्राप्त गर्न सकिनेछ । मापदण्डमा तोकिए बमोजिमको कागजातहरु पूरा नभएका फायलहरु प्रस्ताव मूल्याङ्कन प्रक्रियामा समावेश गरिने छैन ।

सचिव

प्रदेश सरकार
शिक्षा, संस्कृति, विज्ञान प्रविधि तथा सामाजिक विकास मन्त्रालय
गण्डकी प्रदेश, पोखरा, नेपाल

**प्रदेश सरकार, शिक्षा, संस्कृति, विज्ञान प्रविधि तथा सामाजिक विकास मन्त्रालय, गण्डकी प्रदेश पोखरा**

**प्रदेश प्रमुख शैक्षिक सुधार कार्यक्रम अन्तर्गतका कार्यक्रमको प्रस्तावना साथ पेश गर्नुपर्ने कागजातहरु**

**कार्यक्रम : १) प्रारम्भिक बालविकास केन्द्रमा सिकाइ सामग्री व्यवस्थापन – कोटा संख्या-५० प्रतिकोटा रु. २ लाख**

क) आधारभूत तहसम्म सञ्चालन भएका सामुदायिक विद्यालयहरु
ख) अघिल्लो आर्थिक वर्षमा यस कार्यक्रममा सहभागी नभएका सामुदायिक विद्यालयहरु
ग) यस वर्षको वार्षिक कार्यक्रममा समावेश नभएका विद्यालयहरु
घ) गण्डकी प्रदेश प्रमुख शैक्षिक सुधार कार्यक्रम कार्यान्वयन मापदण्ड, २०७९ को अनुसूची-१ अनुसारको ढाँचामा प्रस्ताव
ङ) स्थानीय तहको सिफारिस
च) विद्यालय व्यवस्थापन समितिको निर्णयको प्रतिलिपी
छ) विद्यालयको पत्र

**कार्यक्रम : २) आधारभुत विद्यालयमा विज्ञान प्रयोगशाला स्थापना अनुदान : कोटा संख्या-५० प्रतिकोटा रु. २ लाख**

क) आधारभूत तहसम्म सञ्चालन भएका सामुदायिक विद्यालयहरु
ख) अघिल्लो आर्थिक वर्षमा यस कार्यक्रममा सहभागी नभएका सामुदायिक विद्यालयहरु
ग) यस वर्षको वार्षिक कार्यक्रममा समावेश नभएका विद्यालयहरु
घ) गण्डकी प्रदेश प्रमुख शैक्षिक सुधार कार्यक्रम कार्यान्वयन मापदण्ड, २०७९ को अनुसूची-३ अनुसारको ढाँचामा प्रस्ताव
ङ) स्थानीय तहको सिफारिस
च) विद्यालय व्यवस्थापन समितिको निर्णयको प्रतिलिपी
छ) विद्यालयको पत्र

**कार्यक्रम : ३) न्यून सिकाइ उपलब्धि भएका विज्ञान, गणित र अङ्ग्रेजी विषय (कक्षा ८-१०) विद्यार्थीहरुसँग प्रदेश प्रमुख कार्यक्रम - २० कोटा**

क) कक्षा ८ देखि माथि सञ्चालन भएका सामुदायिक विद्यालयहरु
ख) गण्डकी प्रदेश प्रमुख शैक्षिक सुधार कार्यक्रम कार्यान्वयन मापदण्ड, २०७९ को अनुसूची-५ अनुसारको ढाँचामा प्रस्ताव
ग) स्थानीय तहको सिफारिस
घ) विद्यालय व्यवस्थापन समितिको निर्णयको प्रतिलिपी
ङ) विद्यालयको पत्र

**कार्यक्रम : ४) विद्यालयमा अनलाईन अफलाईन सामग्री विकास एवम् प्रशारण व्यवस्थापनः कोटा संख्या-३३**

क) आधारभूत तह कक्षा ६ देखि माथि सञ्चालन भएका सामुदायिक विद्यालयहरु
ख) गण्डकी प्रदेश प्रमुख शैक्षिक सुधार कार्यक्रम कार्यान्वयन मापदण्ड, २०७८ को अनुसूची- २४ अनुसारको ढाँचामा प्रस्ताव
ग) स्थानीय तहको सिफारिस
घ) विद्यालय व्यवस्थापन समितिको निर्णयको प्रतिलिपी
ङ) विद्यालयको पत्र

सचिव

प्रदेश सरकार
शिक्षा, संस्कृति, विज्ञान प्रविधि तथा सामाजिक विकास मन्त्रालय